पुप्से च्याम्पियनसिप चैत अन्तिम साता हुने

हिमालय टाइम्स
काठमाडौं, १९ चैत

नेपाल तेक्वान्दो संघको आयोजनामा चैत अन्तिम साता पहिलो संस्करणको एनटिए खुला पुप्से तेक्वान्दो च्याम्पियनसिप हुने भएको छ । नेपाल तेक्वान्दो संघले आइतबार पत्रकार सम्मेलन गरेर च्याम्पियनसिप २९ गते प्रथम एनटिए खुला पुप्से तेक्वान्दो प्रतियोगिता हुने जनाएको छ । खेलकुद विकास ऐन २०७७ मा संघहरुले प्रत्येक वर्ष प्रतियोगिता गर्नु प्रावधान अनुसार च्याम्पियनसिप हुन लागेको हो ।

प्रतियोगिताका लागि संघका उपाध्यक्ष भक्तबहादुर चन्दको अध्यक्षतामा सात सदस्यीय प्रतियोगिता

आयोजना समिति गठन गरिएको छ । समितिको संयोजकमा संघका केन्द्रिय सदस्य बब्लु शिवाकोटी हुनुहुन्छ । च्याम्पियनसिपमा देशभरबाट डोजाङको सिफारिसमा आएका कुनैपनि खेलाडीले सहभागिता जनाउने आयोजकले जानकारी दियो । विभिन्न कुनामा रहेका खेलाडीको प्रतिभा उजागर गर्ने लक्ष्यका साथ आयोजना गर्न लागिएको च्याम्पियनसिपमा सिनियर, जुनियर, क्याडेट र सुपर क्याडेट गरी सात उमेर समूहका ३५ विधामा प्रतिष्पर्धा हुनेछ ।

करिव तीन सय खेलाडीको सहभागिता रहने प्रतियोगिताका लागि नौ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । यस्तै आयोजकले च्याम्पियनसिपको उत्कृष्ट खेलाडीलाई राष्ट्रिय टोलीको तयारीमा समावेश गराउने बताएको छ ।

वैशाखमा बाह्रखरी गल्फ हुने

हिमालय टाइम्स
काठमाडौं, १९ चैत

वैशाख ९ गते आयोजना हुने एनसेल बाह्रखरी कर्पोरेट गल्फको च्याम्पियनले सुनको बल प्राप्त गर्ने भएको छ । बाह्रखरी मिडियाले आइतबार पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिता वैशाख ९ गते हुने प्रतियोगिताको विजेताले सुनको गल्फ बल प्राप्त गर्ने जनाएको हो ।

गोकर्णस्थित गोकर्ण गल्फ क्लवको कोर्समा आयोजना हुने प्रतियोगितामा ११० खेलाडीले सहभागिता जनाउने आयोजकले पत्रकार सम्मेलनमा जानकारी दियो । गोकर्ण गल्फ क्लवका प्रबन्धक दीपक आचार्यले प्रतियोगिता १८ होलमा स्टेबल फोर्ड फर्म्याटमा खेलाइने जानकारी दिनुभयो । यस्तै होल इन वन गर्ने खेलाडीले हुन्डाईको भेन्यु गाडी पाउनेछन् । यस्तै प्रतियोगितामा सहभागि हुने मध्येका बेष्ट ग्रस, लंगेष्ट डाइभ, क्लोजेस्ट टु द पिन तथा मोस्ट बर्डिजले समेत पुरस्कार पाउनेछन् ।

कार्यक्रममा बोल्दै बाह्रखरी मिडियाका प्रधानसम्पादक प्रतिक प्रधानले छैटौं वर्षको प्रतियोगिता आयोजना गर्न लागिएको र सामाजिक दायित्व पूरा गर्न प्रतियोगिता आयोजना गरिएको बताउनु भयो ।

दुवाथलनको उपाधि साउद र स्नेहललाई

हिमालय टाइम्स
पोखरा, १९ चैत

नेपाल ट्राइयाथलन संघको आयोजनामा पोखरामा सम्पन्न दुवाथलनतर्फको उपाधि युएईका साउद अलजावी र महिलातर्फको उपाधि भारतकी स्नेहल सुनिल जोशीले हात पार्नुभएको छ । २०२३ एसियन ट्राइयाथलन कप तथा दक्षिण एसियन च्याम्पियनसिपअन्तर्गत भएको दुवाथलन खेलमा साउदले पाँच किमी दौड, २० किमी साइक्लिङ र २.५ किमी दौडको दूरी ५९ मिनेट २७ सेकेण्ड र जोशीले एक घण्टा १२ मिनेट १९ सेकेण्डमा पूरा गर्दै उपाधि जित्नुभएको हो ।

पुरुषतर्फ नेपालका हिमाल टमाटाले ५९ मिनेट ४७ सेकेण्ड र वसन्त थारुले एक घण्टा दुई

मिनेट नौ सेकेण्डमा दूरी पूरा गर्दै क्रमशः दोस्रो र तेस्रो स्थान हात पार्नुभयो । महिलातर्फ भारतकी सञ्जना सुनिल जोशी एक घण्टा १३ मिनेट २५ सेकेण्ड समयका साथ दोस्रो र नेपालकी हुमी बुढा मगर एक घण्टा १४ मिनेट ३० सेकेण्ड समयका साथ तेस्रो हुनुभयो ।

विजयी खेलाडीहरूलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पूर्वगण्डकी प्रदेश सांसद दीपक कोइराला, नेपाल ओलम्पिक कमिटीका महासचिव एवं ट्राइयाथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठ, कास्की जिल्ला खेलकुद विकास समितिका प्रमुख डिबी नेपाली, पत्रकार केशव पाठकलगायतले मेडल, पुष्पगुच्छा र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

एस्टन भिल्लासँग हाऱ्यो चेल्सी

एजेन्सी
लण्डन, १९ चैत

इंग्लिस प्रिमियर लिगमा लण्डन क्लव चेल्सी घरेलु मैदानमै एस्टन भिल्लासँग दुई-शून्यले पराजित भएको छ । भिल्लाको जितमा ओली वाट्किन्स र जोन म्याकजिनले गोल गर्नुभयो । खेलको १८औँ मिनेटमा ओली वाट्किन्सको गोलबाट भिल्लाले घरेलु टोलीविरुद्ध अग्रता लिन सफल भएको थियो । त्यसपछि ५६औँ मिनेटमा जोन म्याकजिनले ज्याकोव राम्सेको पासमा दोस्रो गोल गर्दै भिल्लालाई जित दिलाउनुभयो ।

यस जितसँगै भिल्ला २८ खेलबाट ४१ अंक जोडेर नवौँ स्थानमा उक्लिन सफल हुँदा पराजित चेल्सी ३८ अंक जोडेर ११औँ स्थानमा झरेको छ ।

यता, इटालियन सिरी 'ए' मा युभेन्ट्सले हेलास भेरोनामाथि एक-शून्यको जित हात पारेको छ । युभेन्ट्सको जितमा मोइस किनले ५५औँ मिनेटमा निर्णायक गोल गर्नुभयो । यस जितले युभेन्ट्स २८ खेलबाट ४४ अंक जोडेर सातौँ स्थानमा रहेको छ । पराजित भेरोना १९ अंक जोडेर १८औँ स्थानमा छ ।

अर्को खेलमा इन्टर मिलानलाई फियोरेन्टिनाले एक-शून्य गोलअन्तरले पराजित गऱ्यो । इन्टरलाई स्तब्ध पार्न ५३औँ मिनेटमा जियाकोमो बोनाभेन्चुराले निर्णायक गोल गर्नुभएको थियो । हारसँगै इन्टर २८ खेलबाट ५० अंक जोडेर तेस्रो स्थानमा रहेको छ । इन्टरलाई हराएको फियोरेन्टिना ४० अंक जोडेर आठौँ स्थानमा उक्लिएको छ ।

'लेडी ड्र्यागन' सँग खेल्न मान्दैनन् महिला रेस्लर

रासस
काठमाडौं, १९ चैत

नेपालमा पनि टेलिभिजनमा रेस्लिङ खेल हेर्नेको जमात ठूलै छ । तर, नेपाली महिला रेस्लरले पुरुष रेस्लरसँग खेलेको दृश्य भने कमै मात्र देख्न पाइन्छ । कतिपय त रेस्लिङका पारखीलाई पनि महिला र पुरुषका बीचमा पनि प्रतिस्पर्धा हुन्छ र भन्ने पनि लाग्दो हो ।

आफूलाई 'लेडी ड्र्यागन' नामले चिनाउने मुना श्रेष्ठ यस्तो रेस्लर हो- जो पुरुषसँगै खेल्नुहुन्छ । उहाँ महिला रेस्लरभन्दा पनि पुरुष रेस्लरसँग बढी प्रतियोगिता खेल्दै आउनुभएको छ । खोटाङको दिक्तेलमा जन्मिनुभएकी यी नेपाली रेस्लरको प्रतिस्पर्धा नेपालमा मात्र सीमित छैन, विभिन्न देशमा खेलेर अन्तर्राष्ट्रिय अवार्ड पनि हात पार्नुभएको छ ।

'रेस्लिङ हेर्दा थोरै वास्तविकता धेरै नाटक भन्ने आममानिसलाई लाग्न सक्छ तर मैले खेल्ने रेस्लिङ मनोरञ्जन नभई पूरै वास्तविकता हुन्छ', नेपाली रेस्लर मुना भन्नुहुन्छ । महिलाले महिलासँग खेल्ने खेलाडी त धेरै छन् तर हाम्रो समाजमा महिलाले पनि पुरुषसरह खेल्न सक्छन् भन्ने उदाहरण दिनका लागि पनि आफूले पुरुष रेस्लरसँग खेल्ने गरेको उहाँ बताउनुहुन्छ । त्यसो त उहाँसँग महिला खेल्न पनि मान्दैनन् ।

सन् २०१७ देखि खेल्न सुरु गर्नुभएकी मुनाले विशेषगरी तीन विधामा रेस्लिङ खेल्दै आउनुभएको छ । यसमा हार्डकोर (साइन गरेर खेल्ने), फायर म्याच (आगोमा खेल्ने) र ब्लड म्याच छन् । यी तीनै खेल निकै कठिन हुने र ज्यानको बाजी राखेरै खेल्नुपर्ने उहाँको अनुभव छ ।

हाम्रो नेपाली समाजमा पुरुषभन्दा महिला केहीमा कम छैनन् भन्ने उदाहरणीय कामका लागि पनि पुरुष रेस्लरसँग बढी खेल्ने गरेको उहाँको भनाइ छ । उहाँले खेल्ने हरेक खेल नाटकीय नभई यथार्थपरक हुने गरेको छ ।

उहाँले हार्डकोर, फायर म्याच र ब्लड म्याच विधाको खेलमा पुरुष रेस्लरसँगै खेल्दै आउनुभएको छ । उहाँको अनुभव छ कतिपय देशका महिला खेलाडी पनि उहाँसँग खेल्न डराउँछन् । त्यसकारण पनि उहाँ पुरुषसँग खेल्नुपर्ने हुन्छ ।

विशेषगरी रेस्लिङ मनोरञ्जनमुखी खेल भएका कारण हार्डकोर खेल्ने खेलाडीसँग खेल्न अन्य महिला रेस्लर रुचाउँदैनन् र सक्दैनन् पनि । हार्डकोर मनोरञ्जनभन्दा पनि वास्तविक हुन्छ र यो कठिन हुन्छ । यस खेल खेल्नुअघि पहिला नै खेलाडीलाई खेल दौरान रिङमा केही भइहाले वा ठूलै चोटपटक लागेमा खेलाडीको परिवारले खोज्न या विरोध गर्न पाउँदैन भनेर सुरुमै हस्ताक्षर गराइएको हुन्छ । त्यसकारण पनि स्वदेशी तथा विदेशी महिला रेस्लरले उहाँसँग खेल्न नमान्ने उहाँको भनाइ छ ।

'रिङमा कुटाकुट गरेको दृश्य देख्दा दर्शक जति उत्साहित हुँदै ताली पिट्छन् त्यति नै रिङमा आफूले जोखिम उठाउनुपर्ने हुन्छ, कहिलेकाहीँ त ज्यानै जाने सम्भावना पनि हुन्छ । यसकारण पनि महिला खेलाडी यस खेलमा त्यति उत्साहित छैनन्,' उहाँको अनुभव छ ।

सन् २०१७ मा आफूले रेस्लिङ सुरु गरे पनि विभिन्न प्राविधिक समस्याले अगाडि बढ्न नसकेको उहाँ बताउनुहुन्छ । कतिपय आफ्नै मान्छेले आफ्नो भावना र गतिअनुरूप खेललाई अघि बढ्न नदिएको उहाँले सुनाउनुभयो ।

धेरै बाधा अड्चनका बावजुद रेस्लिङलाई नै अगाडि बढाउँछु भन्ने दृढ विश्वासका साथ उहाँले सन् २०१९ मा आफ्नै नाममा युडब्लुइ (अल्टिमेट रेस्लिङ इन्टरटेन्मेन्ट) कम्पनी खोलेर रेस्लिङलाई निरन्तरता दिनुभयो । हाल उहाँको कम्पनीमा १९ जना महिला रेस्लर छन् । यसै कम्पनीबाट पछिल्लो पटक उहाँले भारतमा यसै महिना सम्पन्न अन्तर्राष्ट्रिय रेस्लिङ च्याम्पियनसिपमा भारतीय खेलाडीलाई पछि पादै उपाधि जित्नुभयो ।

त्यसअघि उहाँले सन् २०१९ मा नेपालमा भएको एसियन अन्तर्राष्ट्रिय महिला रेस्लिङ च्याम्पियनसिपमा भारतीय खेलाडीलाई पराजित गर्दै उपाधि हासिल गर्नुभएको थियो । त्यस्तै, उहाँले सन् २०२१ मा पाकिस्तानले आयोजना गरेको वर्ल्ड हेभिवेट रेस्लिङ च्याम्पियनसिपमा उपाधि जित्नुभयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रेस्लिङ च्याम्पियनसिपमा उहाँले हालसम्म २७ वटा प्रतियोगितामा भाग लिनुभएको छ । त्यसमध्ये नौवटा अन्तर्राष्ट्रिय च्याम्पियनसिपमा सहभागिता जनाउनुभयो । सत्ताइस खेलमध्ये दुई-तीनवटा च्याम्पियनसिपबाहेक सबै खेलमा पुरुष रेस्लरसँग खेलेको उहाँको भनाइ छ ।

'खेल खेल्दा महिला पुरुष भन्ने हुँदैन छातीमा बुटले पनि हानिराखेका हुन्छन् र आफूले पनि प्रहार गरिराखेको भएर खेल खेल्दा यो महिला त्यो पुरुष भन्ने फिल हुँदैन,' उहाँ भन्नुहुन्छ ।

यही चैतमा भारतमा भएको च्याम्पियनसिपमा चार दिनसम्म अस्पतालमा बस्नुपरेको थियो । खेल दौरान भारतीय खेलाडीले ट्युबलाइटले प्रहार गर्दा भोलिपल्ट सात बजेसम्म रगत रोकिएको थिएन । खेलका क्रममा शरीरमा धेरै चोटपटक लागे पनि आफू यसैमा रमाउने भन्दै अबको छ-सात वर्षसम्म रेस्लिङलाई नै निरन्तरता दिने उहाँ बताउनुहुन्छ ।

बाबा-आमाकी कान्छी सन्तान उहाँले नेपाली रेस्लर बन्ने प्रेरणा भने आफ्ना बुबाबाट प्राप्त भएको बताउनुभयो । बच्चैदेखि खेल क्षेत्रमा अग्रसर रहने उहाँ विद्यालयमा दौड, हाइजम्पलगायत खेल्ने गर्नुहुन्थ्यो । देशमा माओवादी द्वन्द्व सुरु भएपश्चात् उहाँ पनि भूमिगत हुनुभएको थियो । त्यतिबेला समय र परिस्थितिका कारण घर छाड्न बाध्य भएको उहाँको भनाइ छ । भूमिगत भएपछि उहाँका संघर्षका दिनहरू सुरु हुन थाले र माओवादी लडाकु बन्दै जनयुद्धका बेलामा कैयौं भिडन्तमा ज्यान जोगाउन मुस्किल परेको उहाँ सम्झनुहुन्छ ।

दुईवटा बच्चाकी आमा उहाँका संघर्षका दिनहरू निकै कठिन छन् । कतिपय अवस्थामा घरमै शारीरिक र मानसिकलगायतका यातना भोग्न बाध्य भएकी उहाँले बुबाआमाको इज्जतका लागि पनि अनेक खालका हिंसा सहेर बसेको सुनाउनुभयो ।

जीविकोपार्जनका लागि श्रम गर्न खोज्दाका अप्ठ्यारा पनि अनेक छन् उहाँसँग । यी अनेक चुनौतीका बावजुद पनि संघर्ष गरेर आज आफ्नो देशको नाममा, देशको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय प्रतिस्पर्धा जित्न सक्ने एक खेलाडीका रूपमा आफूलाई स्थापित गर्न सकेकामा उहाँ खुसी हुनुहुन्छ । आफूलाई बलियो बनाएर समाज र देशका लागि केही गर्छु भनेर रेस्लिङ क्षेत्रमा लागेकाले आज आफ्नो र देशको नाम राख्न सकेको उहाँको भनाइ छ । आज खेल क्षेत्रका माध्यमबाट विदेशमा देशको नाम चिनाउन पाउँदा आफूलाई गर्व महसुस हुने र आफूले विगतमा सहेखपेका अनेक हिंसा र अप्ठ्याराहरू बिर्सने गरेको उहाँ बताउनुहुन्छ ।

युडब्लुइ (अल्टिमेट रेस्लिङ इटरटेनमेन्ट)को आयोजनामा यही चैत २४ गते रेस्लिङअन्तर्गतको फायर म्याच पनि हुँदैछ । उक्त प्रतियोगितामा नेपाल र भारतको सहभागिता रहने जानकारी उहाँले दिनुभयो । उक्त म्याचको अन्तिम तयारीमा जुट्नुभएकी मुनाले खेलका लागि विदेशी खेलाडीहरू आउने क्रम सुरु भएको जानकारी दिनुभयो ।

बार्सिलोनाको सानदार जित

बार्सिलोना/एजेन्सी । क्लब बार्सिलोनाले स्पेनिस ला लिगामा इल्चेमाथि चार-शून्यको सानदार जित हात पारेको छ । बार्सिलोनाका लागि रोबर्ट लेवान्डोस्कीले दुई तथा अन्सु फाती र फेरान टोरेसले एक-एक गोल गर्नुभयो । खेलको २०औँ मिनेटमा लेवान्डोस्कीको गोलबाट बार्सिलोनाले अग्रता लियो । ५६औँ मिनेटमा अन्सु फातीले दोस्रो र ६६औँ मिनेटमा लेवान्डोस्कीले तेस्रो गोल गर्नुभयो । यस्तै, ७०औँ मिनेटमा फेरान टोरेसले चौथो गोल गर्दै बार्सिलोनालाई चार-शून्यको सहज जित दिलाउनुभयो ।

यस जितसँगै बार्सिलोनाले रियल म्याड्रिडलाई १५ अंकले पछि पारेको छ । बार्सिलोनाको २७ खेलबाट ७१ अंक पुगेको छ । एक खेल कम खेलेको रियलको ५६ अंक छ । पराजित इल्चे १३ अंक जोडेर पुछारमा छ ।

यस्तै, बोरुसिया डर्टमुण्डमाथि चार-दुईको जित हात पार्दै बायर्न म्युनिख शीर्षस्थानमा फर्किएको छ । बायर्नको जितमा थोमस मुलरले दुई तथा किड्सले कोमानले एक गोल गर्नुभयो । डर्टमुण्डका इम्री क्यान र डोनेल मालेनले गोल फर्काउनुभयो ।

खेलको १३औँ मिनेटमा गोलरक्षक ग्रेगर कोवेलको आत्मघाती गोलबाट बायर्नले अग्रता लियो । १८औँ मिनेटमा थोमस मुलरले गोल गर्दै बायर्नको अग्रता दोब्बर पार्नुभयो । २३औँ मिनेटमा मुलरले व्यक्तिगत दोस्रो गोल गर्नुभयो । ५०औँ मिनेटमा किड्सले कोमानले गोल गर्दै बायर्नलाई चार-शून्यले अघि बढाउनुभयो ।

त्यसपछि डर्टमुण्डले दुई गोल फर्कायो । ७२औँ मिनेटमा इम्री क्यानले पेनाल्टीमा र इन्जुरी समयमा डोनेल मालेनले राफयल गुरेइरोको पासमा गोल गर्दै खेललाई चार-दुईको स्थितिमा टुंग्याउनुभयो । जितसँगै शीर्षस्थानमा उक्लिएको बायर्नको २६ खेलबाट ५५ अंक पुगेको छ । समान खेलबाटै दोस्रो स्थानमा झरेको डर्टमुण्डको ५३ अंक छ ।

लुम्बिनीमा हाफ म्याराथन प्रतियोगिता हुँदै

लुम्बिनी/हिटा । अन्तर्राष्ट्रिय खेलकुद दिवसका अवसरमा 'शान्ति र समृद्धिका लागि खेलकुद' भन्ने मूल नारासहित यही चैत २३ गते बुद्ध जन्मस्थल लुम्बिनीमा पुरुष तथा महिला खुला हाफ म्याराथन प्रतियोगिता आयोजना गरिने भएको छ ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीद्वारा आयोजित सो प्रतियोगिताको पुरस्कार एक लाख ५० हजार राशि रहेको छ । शान्ति भूमि लुम्बिनीमा २१ किलोमिटर हाफ म्याराथनको तयारी अन्तिम चरणमा पुगेको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिनुभयो । लुम्बिनीको मायादेवी मन्दिर, शान्तिदीपलगायतका क्षेत्रलाई मध्यभागमा पारी २१ किमी परिक्रमा गरिने जनाइएको छ । प्रतियोगिताका विजेताले पुरुषतर्फ एक लाख ५० हजार र महिलातर्फ एक लाख ५१ हजार रुपैयाँ पुरस्कार राशि राखिएको उहाँले बताउनुभयो ।

यसैगरी पुरुष तथा महिला दुवैतर्फका द्वितीयलाई ७५ हजार, तृतीय स्थानलाई ५० हजार, चौथो स्थानका लागि ३० हजार र पाँचौँ स्थानका लागि २० हजार रुपैयाँ नगद पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगितामा देशका जुनसुकै स्थानका कुनै पनि उमेर समूहका खेलाडीले खुलारूपमा प्रतिस्पर्धा गर्न पाउने कार्यक्रमका संयोजक मोहनबहादुर घलेले जानकारी दिनुभयो । म्याराथन प्रतियोगिताका लागि यही चैत २० गते (आज) सम्म दर्ताको अन्तिम मिति रहेको छ भने चैत २२ गते स्वास्थ्य परीक्षण हुनेछ ।

एकेडेमीले सोही दिन राष्ट्रिय भेलाको समेत आयोजना गर्ने भएको छ । भेलामा ७७ वटै जिल्लाका सबै स्थानीय तहबाट प्रतिनिधि सहभागी हुने जनाइएको छ । भेलामा विभिन्न खेल विधाका प्रदर्शन र विभिन्न कला, संस्कृति झल्कने नृत्य प्रस्तुत गरिने आयोजकले जानकारी दिएको छ ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०७९/१२/२०

यस कार्यालयबाट मिति २०७९/१०/१९ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मुल्यांकन गरिदा निम्न बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई सो बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७९/१२/२० गते दिनको १ बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३३ को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

डेक्का नं.	कामको विवरण	प्राविधिक मुल्यांकन बाट आर्थिक प्रस्तावको लागि छनोट भएका बोलपत्रदाताहरु
29/NCB/TM/W/ 2079-080	Bishoumati Corridor Naya Buspark dekhi Manohar Tirtha Samma Sadak Pakki, ward-09	(1) Speed Builders And Consultants P.Ltd, (2) Sugam/freemanJ/V (3) Mangaldeep Multipurpose Pvt. Ltd. and (4) J.S.S. Engineering services Pvt. Ltd.

प्रमुख प्रशासकीय अधिकृत

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Directorate of Transport Infrastructure
Infrastructure Development Office
Siraha

Subject : About financial opening

3rd April-2023

This is to notify to the bidders, who have submitted the technical and financial bids, the financial bid shall open on the dated 10th april 2023 at IDO,Siraha at 14 :00 hrs, as per tender notice published by IDO, Siraha on the dated 24th Feb-2023 at Himalay Times National Daily Newspaper for the below mentioned projects. for those bidders, the following biddes have successful in technical evaluation

S. N.	Name of Project and Contract ID:	Name of bidder successful in technical evaluation
1	Construction of Bariyarpatti-Baluwa-Haripur-Patari Hudai Rampur-Mednipur Rajmarg Samma , IDOSIR-NCB-W-SAM-03-2078-79	Diwa Nirman Sewa Pvt. Ltd, Lalitpur-15 Satdobato
2		Gauri Parbati / Ajad JV Kalanki ward no14, Ktm

S. N.	Name of project and Contract ID:	Name of bidder successful in technical evaluation
1	Construction of Bihul Nadi Bridge, IDOSIR-W-NCB-BRI-4-079-080	Shah Nirman Sewa Inaruwa-1,Sunsari

Senior Divisional Engineer
Infrastructure Development Office, Siraha

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७९/१२/२०

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०७९/११/१२ मा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैका जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	बोलपत्र नं.	योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट सहित)
१	NMUN/NCB/ WORK/079/080-10	बाँसखर्क लकाईने कुइकेलगाउँ खानेपानी योजना	श्री कोन्ज्यो निर्माण सेवा सप्लायर्स, नमोबुद्ध-८, काभ्रेपलान्चोक	रु.३८,५९,४७३।६३